# साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ खोटाङ

पत्र सख्या : ०७६।७७
च न

१ प्रदेश नेपाल
मिति : २०७७/०१/३१

## विज्ञप्ती

प्रस्तुत विषयमा यहि मिति २०७७ वैशाख १२ र १३ गतेका दिन काठमाडौ लगायत विभिन्न ठाउँबाट साकेला गाउँपालिका प्रवेश गर्नुभई पालिकाले तयार गरेको होम क्वारेन्टाईन तथा क्वारेन्टाईनहरुमा बस्दै आउनुभएका व्यक्तिहरुलाई मिति २०७७ वैशाख २९ गते साकेला गाउँपालिकाले रतन्छामा गरेको र्‍यापिड डाईग्नोष्टि टेष्ट (आरडिटी) परीक्षणमा २ (दुई) जना व्यक्तिहरुमा COVID-19 (कोरोना) पोजेटिभ देखिएता पनि सम्बन्धित प्रयोगशालामा निज २ (दुई) व्यक्ति र निजको परिवारको गरी ६ (छ) जनाको नमूना स्वाव परीक्षण गर्दा PCR (पिसिआर) रिपोर्ट नेगेटिभ देखिएको भनि आधिकारिक निकायबाट सूचना प्राप्त हुन आएकाले सर्वसाधारण सबैमा सोही व्यहोरा अवगत गराउँदछु ।

यद्यपी आजको मितिसम्म नेपालको परिवेशमा PCR परीक्षणबाट २१७ जनामा कोरोना पोजेटिभ देखिई संक्रमण फैलने दर उच्च देखिएको हुनाले हाल क्वारेन्टाईन/होम क्वारेन्टाईनमा बस्दै आउनुभएका सम्पूर्ण साकेलाबासीहरु अति सावधानिपूर्वक अनुशासन पालना गरी बसिदिनहुन अनुरोध छ । हालसम्म होम क्वारेन्टाईन/क्वारेन्टाईनमा अनुशासित भई बसिदिनुहुने तपाई सम्पूर्ण साकेलावासी नागरिकहरुलाई गाउँपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

साथै, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लकडाउन सम्बन्धमा गरेको निर्णयहरु समेत पूर्ण रुपमा पालना गर्दै कोरोना भाईरस संक्रमणलाई नियन्त्रण तथा रोकथाम गर्ने कार्यमा सहंयोग गरिदिनहुन अनुरोध गर्दै सरकारले गरेको मापदण्डभित्र रही सामाजिक दुरी तथा न्यूनतम स्वास्थ्य सुरक्षा सम्बन्धी नियमहरु पालना गर्दै गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु सुचारु हुने व्यहोरा समेत अनुरोध छ ।

यसैगरी, यो विषम परिस्थितिमा खटिईरहनुभएका सम्पूर्ण स्वास्थ्यकर्मी, अन्य कर्मचारी, सुरक्षाकर्मी, निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल, गाउँपालिकाभित्र रहेका सामाजिक संघसंस्थाहरु र सम्पूर्णमा अझ उच्च हौसला मिलोस भन्दै आगामी दिनमा अझ रचनात्मक सहयोगको अपेक्षा सहित हार्दिक धन्यवाद प्रकट गर्दछु ।

..................
(अर्जुनकुमार खड्का)
अध्यक्ष